




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २२ गते मंगलबार ❑ 7 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-


## एमसीसीको बिषयमा सन्तुलित निकास दिनुपर्छः अर्थ मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले मेलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसि) को बिषयमा सन्तुलित ढंगले निकास दिनुपर्ने बताएका छन् । अनेरास्ववियू(क्रान्तिकारी) पृथ्वीनारायण क्याम्पस कमिटिको सोमबार क्याम्पसमा सम्पन्न भएको ११ औं सम्मेलनको उद्घाटन गर्दै मन्त्री बरालले एमसीसी नेपालको हितमा हुने गरी संसोधन गरेर लागु गर्न सकिने बताएका हुन् ।

नेकपा माओबादी केन्द्र गण्डकी प्रदेश सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले भने "नेकपा हुदा जुन कार्यदलले धेरै मेहनद गरेर पार्टीलाई बुझाए अनुरुप मान्न तयार भएमा अब एमसीसीको बिषयमा धेरै बहस गर्न पर्दैन, यसमा धेरै अल्झीन आवश्यक छैन, केही बुंदा संसोधन गरेमा त्यसले नेपाललाई हित हुन्छ ।" विदेशी लगानी भित्राउने बिषयमा देशको अस्मिता, स्वाभिमान, राष्ट्रिय अखण्डतालाई धरापमा पार्न नहुने मन्त्री बरालको भनाई छ। उनले भने "हामी विद्रोही मात्र होइनौं, हामीले सधै बिरोध गरेर मात्र हुदैन, त्यसको सन्तुलित निकास के हुन सक्छ त्यसमा हाम्रो पार्टी प्रष्ट छ, विबादित बुंदामा संसोधन गरी नेपालको राष्ट्रिय हित हुने कुरामा हामी सकरात्मक छौं ।" संघियता, धर्मनिरपेक्षता, समानुपातिक, समावेसीता, सामाजिक न्याय जस्ता बिषय रगतसंग साटेकोले यस्ता मुद्धा नेपालको इतिहासमा अन्य शक्ति भन्दा माओबादी केन्द्रले उठाउदै आएको मन्त्री बरालले दाबी गरे । उनले भने "हाम्रा बिद्यार्थी संगठन, जनबर्गीय संगठन किन सुकेका छन, हाम्रो सिंगो पार्टी किन सुकेको छ, जनमतबाट हामी किन पछाडि छौं,



आजको चिन्ताको बिषयमा यहाँ नेर हो, हिजोको युद्धकालको मोडल त प्रयोग गरेनौं, साच्चै अहिले फरक परिवेशमा आएका छौं यसमा हामीले गम्भिर समिक्षा गर्नु पर्ने छ।"

सिप मुलक शिक्षा आवश्यक भएको मन्त्री बरालको भनाई थियो। उनले भने "सिप मुलक शिक्षा आजको आवश्यकता हो, सिप अनुसारको काम, काम अनुसारको दाम हुनु पर्छ, बिना सिप विदेशीको खाँडीमा लाखौं नेपालीले पसिना बगाउन बाध्य भएकाछन् ।" नेपाली कम्यूनिष्ट एक हुनु जरुरी रहेको उल्लेख गर्दै मन्त्री बरालले केही प्रयास असफल भए पनि पुनः हुन आवश्यक भएको जनाए। स्वभाविक रुपमा विकृति विसङ्गतीका बिरुद्ध बिरोधका आवाजहरु जारी राख्न बिद्यार्थी संगठनलाई आग्रह गर्दै मन्त्री बरालले असल काम गर्नेलाई सम्मान गर्न सुझाव दिए।

पोखराको पृथ्वीनारायण क्याम्पसमा शहिद स्मृति पार्क बनाउन बिद्यार्थीहरुले राखेको प्रस्तावलाई मन्त्री बरालले पार्क सहितको भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक सहयोग गर्ने जनाए। कार्यक्रममा माओबादी केन्द्र कास्कीका सचिवालय सदस्य एवं बिद्यार्थी नेतृ प्रविणा अधिकारीले शैक्षिक माफिया बिरुद्ध शिक्षा क्षेत्रमा देखिएको विकृति र विसङ्गती बिरुद्ध अब बिद्यार्थी संगठनहरुले आन्दोलन गर्नुपर्ने बताइन्। नेपाल राष्ट्रिय प्रध्यापक संगठन पृथ्वीनारायण क्याम्पस इकाई अध्यक्ष विपिन अधिकारीले एमसीसीको बिषयमा पार्टीहरुको पुष्ट धारण आउनु पर्ने बताए।

अनेरास्ववियू(क्रान्तिकारी) पृथ्वीनारायण क्याम्पस कमिटिका अध्यक्ष वसन्त भट्टचनको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अनेरास्ववियू(क्रान्तिकारी) पृथ्वीनारायण क्याम्पसका इन्चार्ज त्रिदीप गुरुङ, सचिव सुजन बास्तोला, सहसचिव कासीराम पौडेल लगायतले नेपालमा रहेको दुई प्रकारको शिक्षा नितीको अन्त्य गर्नुपर्नेमा जोड दिएका थिए। यसैबिच, अनेरास्ववियू (क्रान्तिकारी) पृथ्वीनारायण क्याम्पसकमिटिकोसोमबारपोखरामा सम्पन्न भएको ११ औं सम्मेलनले कासीराम पौडलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

त्यसै गरी उपाध्यक्षहरुमा सुवास पौडेल, सरोज काफ्ले, पुजा अधिकारी र रमेश विश्वकर्मा(सन्जु), सचिवमा चिरन्जिवी अधिकारी, सह–सचिवमा राम शर्मा पौडेल, कोषाध्यक्षमा नेहा गुरुङ रहेका छन। त्यस्तै संगठन प्रमुखमा मनिस तामाङ, छात्रा विभागमा सफलता तिमिल्सिना, बिद्यार्थी स्वयम सेवक प्रमुखमा खेम गुरुङ रहेका छन्।

## मुख्यमन्त्री र विश्व बैंक प्रतिनिधिबीच भेट

### ठूला आयोजनामा सहयोग गर्न मुख्यमन्त्रीको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र विश्व बैंकका नेपालका लागि राष्ट्रिय निर्देशक फारिस हादाद जर्भोसबीच मुख्यमन्त्री कार्यालयमा सोमबार औपचारिक भेटघाट भएको छ। उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले प्रदेशको गरिबी, बेरोजगारी र असमानताको अन्त्यका लागि विश्व बैंक सहयात्री बन्ने विश्वास व्यक्त गरे।

उनले विश्व बैकले नेपालको समग्र विकासमा पुऱ्याउँदै आएको सहयोगप्रति पटक आभार व्यक्त गर्दै आगामी दिनमा अझ धेरै सहयोग हासिल हुने अपेक्षा गरे। उनले भने, 'विश्व बैंक र गण्डकी प्रदेशका बीचमा आगामी दिनमा महत्वपूर्ण सहकार्य हुने विश्वास व्यक्त गर्दछु।'

गरिबीको अन्त्य र साझा समृद्धिका लागि क्रियाशील विश्व बैंकले नेपालको विकासमा पुऱ्याउँदै आएको सहयोगको स्मरण र प्रशंसा गर्दै उनले गण्डकी प्रदेशको विकासमा पनि योगदान गर्दै आएकामा धन्यवाद दिए। मुख्यमन्त्री पोखरेलले भने, 'गण्डकी प्रदेश हाम्रा विकासका प्राथमिकता र सम्भावनाका सवालमा यहाँहरुसँग हातेमालो गर्न इच्छुक छ।' प्रदेशको अर्थतन्त्रको आकार सानो रहेको भन्दै उनले यसले मुलुकको ग्राहस्थ उत्पादनमा जम्मा ८ प्रतिशत



योगदान गर्ने जानकारी गराए। राजस्व परिचालन २ देखि३ अर्बको बीचमा रहेको भन्दै उनले प्रदेशमाआर्थिक क्रियाकलापहरु कम भएकाले स्रोत परिचालन न्यून रहेको उल्लेख गरे।

सिमित स्रोत साधन र विविध चुनौतीका बीच प्रदेशले आफ्ना सोच, लक्ष्य र प्राथमिकताहरु निर्धारण गरी अगाडि बढेको अवस्थामा आकस्मिकरुपमा आएको कोभिड महामारीले आर्थिक सामाजिक अवस्थालाई क्षत विक्षत पारेको मुख्यमन्त्री पोखरेलले बताए। प्रदेश सरकारले एकातिर कोभिड महामारिले थला परेको आर्थिक क्षेत्रको पुनरुत्थान र सामाजिक क्षेत्रको पुनर्जीवनका लागि उच्च प्राथमिकताका साथ काम गर्नु आवश्यक रहेको भन्दै उनले भने, 'अर्कोतर्फ हामीले तय गरेको १०.२ प्रतिशतको आर्थिक बृद्धि, समृद्ध प्रदेश सुखी नागरिकको सोच पूरा गर्न विशेष प्रयत्न गर्नु आवश्यक छ।' मुख्यमन्त्री पोखरेलका अनुसार प्रदेशका निर्धारित लक्ष्य हासिल गर्न जम्मा १० खर्ब १२ अर्ब लगानी गर्नुपर्ने हुन्छ। तर हालसम्मको लगानी प्रक्षेपणको तुलनामा निकै कम रहेको उनले बताए। लगानीको लक्ष्य भेटाउन प्रदेशले विश्व बैंकजस्ता संस्थासँग सहयोगको अपेक्षा गर्नु पर्ने उनको भनाइ थियो। सुदृढ र आधुनिक यातायात सञ्जालले समृद्धिको मार्ग प्रशस्त गर्ने भन्दै उनले प्रदेश राजधानी पोखराबाट बागमती वा लुम्बिनी प्रदेश भएर मात्र यसै प्रदेशको एक जिल्ला नवलपुर पुग्नु पर्ने वाध्यता रहेको जानकारी गराए। उनले भने, 'हिमाली जिल्लाहरुमा समेत प्रभावकारी यातायात सञ्जाल विकास गर्न सकिएको छैन। त्यसैले यस प्रदेशको यातायातको सम्पर्क सञ्जाल प्रभावकारी बनाउन विश्व बैंकले मद्धत गर्नेछ।'

मुस्ताङको कोरला नाकादेखि पोखरा, भीमाद, भ्यालबास हुँदै त्रिवेणी जोड्ने सडकलाई कम्तीमा २ लेनको डेडिकेटेड सडकका रुपमा विकास गर्न सकेमा यो प्रदेशको स्वरुप नै फेरिने भन्दै मुख्यमन्त्री पोखरेलले छ। यो मार्गलाई गण्डकी प्रदेशले समृद्धि मार्गको रुपमा लिएको छ। पोखरादेखि काठमाडौंको यात्रा बढीमा २ घन्टामा पार गर्न सक्ने बनाउनका लागि विश्व बैंकको सहयोग रहेमा यो प्रदेश समृद्ध हुन ठूलो मद्धत मिल्ने मुख्यमन्त्री पोखरेलले बताए। पर्यटकीय पूर्वाधारहरु पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, मादी नदी उपत्यका विकासको बृहत परियोजना, अन्तर ीष्ट्रिय क्रिकेट मैदान, हिमाली जिल्ला मनाङमा गल्फ मैदान लगायतका पूर्वाधार कार्यान्वयनमा ल्याउन मद्धत गर्ने विश्वास मुख्यमन्त्रीले व्यक्त गरे।

मुख्यमन्त्री पोखरेलका अनुसार मर्स्याङ्दी उपत्यका विकासको बृहत परियोजना, कालीगण्डकी भ्याली विकास परियोजना, मुस्ताङ भ्याली विकास परियोजना, नवलपुरदेखि गजेन्द्रधामसम्मनारायणीनदीनियन्त्रण र संरक्षण सम्बन्धी बहुउद्देश्यीय विकास आयोजना प्रदेशका सपना हुन्। उत्तरगंगा जस्तै जलासययुक्त ठूला जलविद्युत आयोजनामा सञ्चालनमा ल्याउन सहयोगको अपेक्षा गरिएको उनले बताए। 'स्वास्थ्य क्षेत्र सुधारको परियोजना बनाउने, गण्डकीलाई स्वास्थ्य क्षेत्रको केन्द्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधार तयार गर्ने,वन क्षेत्रको उपयोग समृद्धि प्राप्तिका लागि गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने, वनलाई उद्योग, रोजगारी र आयआर्जनका अवसरसँग जोड्न सहयोगको अपेक्षा गरेका छौं।' प्रदेशका सीमा नाका कोरला, लार्के भञ्ज्याङ, सुस्तासम्मको आवत जावत सहज बनाउन सडक यातायातको निर्माण तथा स्तरोन्नति गर्ने तथा अन्तर्राष्ट्रिय व्यापार विस्तारका लागि संस्थागत क्षमता विकासमा विश्व बैंकको सहयोग आवश्यक रहेको मुख्यमन्त्री पोखरेलले बताए।

मुख्यमन्त्री पोखरेलले विश्व बैंकबाट प्रदेशमा सिधा स्रोत उपलब्ध हुने र प्रदेश सरकारले नै परियोजना कार्यान्वयन गर्ने व्यवस्थालाई व्यवस्था अवलम्बन गरिनु पर्ने भन्दै यसले अपनत्व वृद्धि हुने, प्रदेशको क्षमता विकास हुने, गुणस्तर कायम हुने र विकास दिगो समेत हुने विश्वास व्यक्त गरे। विश्व बैंकका नेपालका लागि राष्ट्रिय निर्देशक फारिस हादाद जर्भोसले नेपालको संघीयता सुदृढीकरणका लागि विश्व बैंक सदा अग्रसर रहेको भनाइ राखे।

कनेक्टिभिटीलाई आफूहरुले प्राथमिकतामा राखेर सहयोग गर्दै आएको भन्दै उनले मुस्ताङ लगायत जिल्लामा उत्पादित अर्गानिक सामग्रीको ब्रान्डिङ र बजारीकरण लगानी गर्न तयार रहेको बताए। उक्त भेटघाटमा विश्व बैंक र एसियाली विकास बैंकका प्रतिनिधि, प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मी, प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष डा. रघुराज काफ्ले, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल उपस्थित थिए।

## परम्परागत पुस्तकालयलाई समय सापेक्ष जोड्नु चुनौती : मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले परम्परागत पुस्तकालयलाई समयसापेक्ष जोड्नु चुनौती भएको बताउनुभएको छ। पोखरा सार्वजनिक पुस्तकालयद्वारा आयोजित 'गण्डकी प्रदेश केन्द्रीय पुस्तकालय स्थापना' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले पुस्तकालयको आवश्यकतालाई दृष्टिगत गर्दै गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश केन्द्रीय पुस्तकालय स्थापना गर्ने सोच अघि सारेको बताउनुभयो।

प्रदेशको चिनारी दिने गरी पुस्तकालय स्थापना हुनुपर्नेमा जोड दिँदै उहाँले विगतमा समेत शासकहरूले पुस्तकालयको महत्व बुझेको उल्लेख गर्नुभयो। मुख्यमन्त्री पोखरेलले १४औं पुस्तकालय दिवसकाअवसरमाआयोजितगण्डकी प्रदेशस्तरीय कविता प्रतियोगिताका विजेतालाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो। शिक्षा, संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले प्रदेशको पहिचान दिने किसिमका सामग्रीहरूलाई पुस्तकालयमा राख्नुपर्नेमा जोड दिनुभयो। कानुन, सञ्चार तथा प्रदेश मामिलामन्त्री विन्दुकुमार थापाले पुस्तकालय निर्माण प्राथमिकतामा रहेको बताउँदै सञ्चालित पुस्तकालयमा प्रभावकारी व्यवस्थापन आवश्यक भएको बताउनुभयो। पोखरा सार्वजनिक पुस्तकालयका अध्यक्ष प्राडा विश्व श्रेष्ठले २०४६ सालपछि पुस्तकालय स्थापनामा जागरण सुरु भएको चर्चा गर्दै पुस्तकालयलाई राज्यले हेर्नुपर्नेमा जोड दिनुभयो। गण्डकी प्रदेश पुस्तकालय स्थापनाको विषय कार्यान्वयनमा आउनुपर्ने उहाँले बताउनुभयो।

पोखरा सार्वजनिक पुस्तकालय सञ्चालक समितिका सदस्य एवं पश्चिमाञ्चल विकास मञ्चका पूर्वमहासचिव धर्मराज बरालले पुस्तकालय समाजको सभ्यता भएको बताउँदै प्रदेशमा स्थापना गर्न लागिएको पुस्तकालय विशिष्ट पहिचान बोकेको हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

## एक हजार ८९७ मा संक्रमण, २० जनाको निधन

**रासस**
**काठमाडौं, २ भदौ**

कोरोना भाइरसको सङ्क्रमण सोमबार एकै दिन एक हजार ८९७ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा १५ हजार ९७९ जनामा परीक्षण गर्दा एक हजार ८९७ जनामा सङ्क्रमण देखिएको हो।

सक्रिय सङ्क्रमित ३० हजार ९७३ जना रहेका छन् । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १९ रहेका छन्। यस्तै एक हजार ७४३ जना सङ्क्रमणमुक्त भई घर फर्किएका छन्। अहिलेसम्म सात लाख २८ हजार ९२८ सङ्क्रमणमुक्त भई घर फर्किएका छन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९४.६ प्रतिशत रहेको छ।

यस्तै सङ्क्रमणबाट विगत २४ घण्टामा २० जनाको ज्यान गएको छ । अहिलेसम्म १० हजार ८५८ जनाको ज्यान गएको छ। नेपालमा प्रति दस लाखमा ३६६ जनाको सङ्क्रमणका कारणले निधन हुने गरेको छ। यस्तै ५१२ जना सघन उपचार कक्ष (आइसीयु), एक सय ६३ भेन्टिलेटर, २८ हजार ९११ जना होम आइसोलेशन, दुई हजार ६२ संस्थागत आइसोलेशन र २६० जना क्वारेन्टिनमा रहेका छन् । नेपालमा १९ जिल्लामा ५०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला रहेका छन्। नेपालमा सक्रमणको दर १९.५ प्रतिशत रहेको छ।

## काठमाडौँमा वर्षा पाँच दशकयता तेस्रो ठूलो


**रासस**
**काठमाडौं, २१ भदौ**

गएराति काठमाडौं उपत्यकामा यो वर्षको सबैभन्दा धेरै पानी परयो जुन पाँचदशक यताको तेस्रो ठूलो वर्षा हो। रातभरि परेको पानीले काठमाडौंका विभिन्न स्थानमा डुबानसमेत भएको थियो।

जल तथा मौसम विज्ञान विभागका अनुसार काठमाडौंमा गएराति २४ घण्टामा १२१.५ मिमी वर्षा भएको छ। उपत्यकाका विभिन्न नदी र खोला किनारामा देखिएको डुबानको अवस्था हेरेर कतिपयले यसलाई हालसम्मकै ठूलो वर्षा भने पनि विगत ५३ वर्षको अवधिमा रेकर्ड गरिएको तथ्याङ्क हेर्दा यो हालसम्मको तेस्रो ठूलो वर्षा हो।

सन् १९६८ देखि २०२१ सम्मको तथ्याङ्क केलाउँदा २००२ को जुलाई २३ मा सबैभन्दा बढी २४ घण्टामा १७७

बाँकी अन्तिम पृष्ठमा ▶▶

# फोटोग्राफी प्रतियोगिताको नतिजा घोषणा पोखराकी सिरुको फोटो उत्कृष्ट

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

गण्डकी प्रदेश भरीका फोटोग्राफरहरुको अविभावक संस्था को रुपमा रहेको फोटोग्राफर संघ गण्डकीले आयोजना गरेको अनलाईन फोटोग्राफी प्रतियोगिता २०७८ को नतिजा आफ्नो तेस्रो स्थापना दिवसको अबसरमा घोषणा गरेको छ।

गत भाद्र ३ गते बिश्व फोटोग्राफी दिवसका दिन घोषणा गरिएको अनलाईन फोटोग्राफी प्रतियोगिता २०७८ को नतिजा भाद्र २० गते आफ्नो स्थापना दिवसका दिन घोषणा गरेको हो। यस फोटो प्रतियोगितामा देश भरबाट १४५ फोटो प्रतिस्प्रर्धामा रहेका थिए। खुल्ला रुपमा सामाजिक संजाल अर्न्तगत फोटोग्राफर संघ गण्डकीको पेजमा पोष्ट गरिएका प्रकृती तथा वातावरण सम्बन्धी गण्डकी प्रदेश भित्र खिचिएका तस्विरहरु समावेश भएका थिए । कुल १५४ तस्विर मध्ये पोखराकी सिर्जना भुर्तेल( सिरु) को तस्विर उत्कृष्ठ घोषणा हुन सफल भयो।

अन्य उत्कृष्ठ १० मा पर्न सफल फोटोग्राफरहरुमा, बिक्रम न्यौपाने काठमाडौं, जिवन ढुंगाना कास्की, बिष्णुहरी अधिकारी कास्की, बिलक सुवेदी कास्की, दिवस बराल कास्की, अर्जुन कुवर कास्की, अनुप गुरुङ्ग, कास्की राहुल सुवेदी कास्की, सुरेश रेग्मी पर्वत ,यामु कुमाल नवलपुर रहेका छन।

फोटो पत्रकार कृष्णमणि बराल र घनश्याम पौडेलको निर्णायक समितिले उतकृष्ठ ११ फोटो सिफारीस गरेको थियो। निर्णायक समितिले सिफारीस गरेका फोटोहरुलाई कार्यक्रममा घोषणा गरिएको हो । फोटोग्राफर संघ गण्डकी को स्थापना दिवस को अवसरमा आयोजीत कार्यक्रमको प्रमुख अतिथि पत्रकार महासंघ कास्कीकी अध्यक्ष बिमला भण्डारी रहनुभएको थियो । कार्यक्रममा प्रमुख अतिथिको भुमिका निर्बाह गर्दै पत्रकार महासंघ कास्की कि अध्यक्ष बिमला भन्डारी, नेपाल पत्रकार महासंघ रास्ट्रिय परिषद सदस्य कमल पौडेल अथक , नेपाल फोटोपत्रकार महासंघ गण्डकीका अध्यक्ष राम गुरुङ, नेपाल फोटोपत्रकार संघ कास्कीका अध्यक्ष प्रदिप पौडेल, निर्णायक समितिका संयोजक फोटोपत्रकार कृष्णमणि बराल, घनश्याम पौडेल, कैलास सहकारी संस्थाका अध्यक्ष शिबहरी अधिकारी, संस्थाका सल्लाहाकार गणेश छवि, तनहुं फोटोग्राफर संघका अध्यक्ष बलभद्र श्रेष्ठ, पोखरा फोटोग्राफर संघका अध्यक्ष जनकराज तिवारी, फोटो प्रतियोगितामा उत्कृष्ठ १० मा पर्न सफल युवा फोटोग्राफर बिष्णुहरी अधिकारी लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो। स्वागत मन्तव्य सहित स्थापना दिवस तथा फोटोग्राफी प्रतियोगिताको महत्वका बारेमा संस्थाका अध्यक्ष दुर्गा प्रसाद पौडेल ले प्रष्ट पार्दै उत्कृष्ठ फोटोलाई रु ५००० र प्रमाणपत्र ले उत्कृष्ठ दश लाई प्रमाणपत्र तथा खादाले संस्थाको साधारण सभामा सम्मान गरिने जानकारी दिनुभएको थियो।

संस्थाका अध्यक्ष दुर्गा प्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रम संस्थाका सचिव तुलसी राम सुवेदीले संचालन गर्नुभएको थियो । उत्कृष्ट फोटोलाई ५००० र प्रमाणपत्र ले उत्कृष्ट दश लाई प्रमाण्पत्र तथा खादाले संस्थाको साधारण सभामा सम्मान गरिने जानकारी संस्थाका अध्यक्ष दुर्गा प्रसाद पौडेलले दिनु भयो।

# काठमाडौं...

मिमी वर्षा भएको देखिन्छ। त्यसपछिको ठूलो वर्षा सन् १९८७ मा १२४ मिमी वर्षा भएको विभागका वरिष्ठ मौसमविद् इन्दिरा कँडेलले जानकारी दिनुभयो।

उपत्यकाका नदी र खोला क्षेत्र मिचेर साँघुरा पारिएको र वर्षाको पानी जमिनले सोस्ने जमिन कम भएका कारण बढी डुबान देखिएको उहाँको भनाइ छ। गएरातिको अविरल वर्षाले काठमाडौं उपत्यकामा ३८५ घर डुबानमा परेका छन् भने २४७ जनाको उद्धार गरिएको छ। काठमाडौंको काँडाघारी, परोपकार, बल्खु, सुन्दरीघाट, भक्तपुरको मनोहरा, बोडेफाँट, सुकुम्बासी बस्ती तथा ललितपुरको सानेपा, कालोपुललगायत क्षेत्र डुबानमा परेको नेपाल प्रहरीले जनाएको छ। यस्तै अविरल वर्षाले वाग्मतीको किनारमा रहेको गोकर्णेश्वर महादेव मन्दिर र उत्तरगया क्षेत्र डुबानमा परेको छ। रुद्रमतीमा आएको बाढीले रातोपुल मैतीदेवी क्षेत्रका केही घरसमेत डुबानमा परेका थिए।

आइतबार रातिदेखि सोमबार बिहानसम्मको वर्षाले उपत्यकाका धेरै स्थान प्रभावित भएको छ। काठमाडौं उपत्यकामा मुख्यगरी वाग्मती नदी र यसका सहायक तथा उपसहायक नदी विष्णुमति, मनोहरा, नख्खु, बल्खु, धोविखोला, टुकुचा, हनुमन्ते, महादेव खोला, गोदावरी र कर्मनाशा बग्ने गर्छन्।

# ज्योती हमालले पोखरा महानगरको सभापतिमा उम्मेदवारी घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**



नेपाली कांग्रेसका नेता ज्योती हमालले आसन्न १४औं महाधिवे पोखरा महानगरको सभापतिमा उम्मेदवारी घोषणा गर्नु भएको छ। आईतबार पोखरा महानगरको वडा नम्बर ३० मा आयोजित निर्वाचित क्षेत्रिय प्रतिनिधीहरु र वडा कार्य समितीको भेलालाई सम्बोधन गर्दै हमालले सभापतिमा उम्मेदवारी दिन लागेको घोषणा गर्नु भएको हो।

"जहाँ अत्याचार हुन्छ ! त्यहाँ विद्रोह हुन्छ!" भन्दै गण्डकी प्रदेशको मन्त्रिपरिषदमा महिलालाई सहभागि नगराएको कारणले पनि राजनितीमा अझ सक्रिय भएर लागेको बताउनु भयो । हमालले आफ्नो उम्मेदवारी गुटउपगुटलाई चिर्नका लागि भएको बताउँदै पार्टीभित्र देखिएका सकारात्मक पक्षलाई अझ तिखार्ने, जनता र महिलाका आवाजलाई महाधिवेशनमार्फत संस्थागतगर्नेरविचारकोराजनीतिलाई प्रवर्द्धन गर्ने हेतुले महाधिवेशनमा होमिन लागेको भनाई उहाँको छ। 'अत्याधुनिक बैज्ञानिक विचार, असल नीति र सक्षम नेतृत्व चयन गरौं' भन्ने नाराका नाराका साथ नेपाली कांग्रेसका युवा नेता ज्योती हमालले १४ औं महाधिवेशनमा पोखरा महानगरको सभापतिमा उम्मेदवारी घोषणा गर्नु भएको हो। हमालले राजनीतिमा महिलाका आवाज बुलन्द गरी महिलालाई स्थापित गर्न आफु तयार भएको बताउदैं सांसद भईसकेका महिला नेताहरुको अधिकार कटौती भएको यो अवस्थामा साधारण महिलाहरुको राजनितीक अवस्था के होला भन्दै ठुलो प्रश्न चिन्ह खडा गर्नु भयो । नेपाली कांग्रेसलाई एक ढिक्का र एकीकृत पार्टीको रुपमा अगाडि बढाउनुपर्ने बताउदैं नेपाली कांग्रेसभित्र गुट र उपगुटको जुन राजनीति छ त्यसले नेपाली कांग्रेसलाई दिनप्रतिदिन कमजोर बनाउँदै लगेको उहाँको भनाई छ। जबजब कांग्रेस कमजोर हुन्छ तबतब देश पनि समस्यामा पर्ने हुदाँ यो समस्याबाट मुक्त गर्ने चिन्तनमा आफु रहेको र त्यसलाई चिर्न तत्पर भएको उनले बताउनुभयो। ज्योतीले आफु सबैको साझा उम्मेदवार भएको उल्लेख गर्नु भयो।

समाजबाद, प्रजातन्त्र र राष्ट्रियताको उदेश्य पूरा गर्न अब सबै महामानब बिपी कोईराला गुटमा आउनुपर्ने ठकुरीको जोड छ। कांग्रेस बनाउने आफ्ना एजेन्डाका लागि मतदान गर्न पार्टीका कार्यकर्ताहरुलाई उहाँको आग्रह छ । हमाल नन्द ईन्टरटेनमेन्टले आयोजना गरेको आमाहरुको ब्युटि पेजेन्ट सुपरममको पहिलो बिजेता हुनुहुन्छ । पोखरा महानगरको सभापतिमा उम्मेदवारी घोषणा गरेकी ज्योती हमाल स्कुलले जिवनदेखि राजनीतिमा निरन्तर सक्रिय हुनुहुन्छ। पत्रकारिता जगतमा करिब १५ वर्ष काम गर्नु भएको हमाल नेपाल प्रेस युनियन काठमाण्डौंको कार्यकारी सदस्य, नेपाल प्रेस युनियन कास्कीको सहसचिव र क्रियाशिल महिला पत्रकार कास्कीको उपाध्यक्ष हुनुहुन्छ।

# नेपाली कांग्रेस पोखरा महानगर सभापतिमा वर्तमान उपसभापति सुरेन्द्रमानको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**



नेपाली कांग्रेस पोखरा महानगर समिति सभापतिमा सुरेन्द्रमान विजुक्छेले उम्मेदवारी घोषणा गरेका छन्।

उनी हाल पोखरा महानगर समितिका उपसभापति हुन् । यसअघि नगर समितिको कोषाध्यक्षको समेत जिम्मेवारी सम्हालिसकेका विजुक्छेले आफू सभापतिको स्वभाविक दावेदार भएको जिकिर पनि गरेका छन्।

नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत भदौ २७ गते पोखरा महानगरको निर्वाचन कार्यक्रम रहेको छ।

पोखराको मोहरियाटोल निवासी विजुक्छेले २०४३ सालका नेपाली कांग्रेस प्रतिवन्धित भएकै बेला तत्कालीन पोखरा नगर पंचायत वडा नम्बर २ को कांग्रेस सभापति एवं तरुण दल हुँदै पोखरा नगर समितिमा आएको बताएका छन्। उनले आफू सभापति भएपछि नयाँ पोखरा निर्माणमा पार्टीको अवधारणा प्रस्तुत गर्ने एवं आगामी निर्वाचनमा पार्टीलाई सबै तहमा निर्वाचित गराउने प्रतिवद्धता पनि जनाएका छन् । आउँदो चुनावमा आफू कुनै पनि पदमा नउठ्ने उनको प्रतिवद्धता छ । 'आज पार्टी भित्र नयाँ साथीहरु आउनुभएको छ,त्यही अनुरुप पार्टी संगठनलाई चुस्त र दुरुस्त बनाउनुपर्ने आवश्यकता छ', उनले भनेका छन्,'नयाँ साथीहरुलाई गोलबन्द गदृै आगामी निर्वाचनमा सबै निर्वाचनमा विजयी गराउनुपर्ने दायित्वलाई मैले बुझेको छु।' उनले नेपाली कांग्रेस पोखरा महानगर समितिको भवन निर्माणलाई पनि प्राथमिकतामा राखेका छन् । उनले नेपाली कांग्रेसको चरित्र नै समावेशी भएको स्मरण गर्दै पार्टीलाई समावेशी बनाउने अभियानमा लाग्ने पनि बताएका छन्।

# युआरएलमा नयाँ सञ्चालक समिति

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**




युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)को आठौं साधारणसभाले नयाँ सञ्चालक समिति चुनेको छ । आइतबार र सोमबार भएको सभाले ठाकुरप्रसाद पन्तको अध्यक्षतामा नयाँ समिति निर्वाचित गरेको हो।

निर्देशकमा गीता कार्की, गणेशप्रसाद कोइराला, सन्दीप अर्याल र डा वसन्तराज पंगेनी छन् । सभाले विभिन्न जिल्लामा रहेका युआरएलका शाखामा निरीक्षणका लागि जिम्मेवारीसमेत तोकेको छ। युआरएल लमजुङका लागि सालिकराम अधिकारी, युआरएल दमौलीका लागि रमेश पौडेल, युआरएल दुलेगौडाका लागि नारायण वाग्ले, युआरएल वालिकका लीग डा वसन्तराज पंगेनीलाई जिम्मेवारी दिइएको छ।

गण्डकी प्रदेशकै पहिलो र अग्रणी रेफरेन्स ल्याब युआरएलले लगानी दोब्बर बनाएर सेवा थप्ने निर्णय गरेको अध्यक्ष पन्तले जानकारी दिए । उनले भने, 'गण्डकीमा रेफरेन्स ल्याबको अवधारणा बुझाउने युआरएललाई सधै अग्रणी बनाउन लगानी थपेर सेवा विस्तार गर्दै छौं । विश्वकै सर्वोत्कृष्ट प्रविधि, उत्कृष्ट मेसिन र दक्ष जनशक्तिबाट यही सेवा दिइरहेका छौं ।' युआरएलको पुँजी ३ करोड रहेकोमा ६ करोड बनाउने प्रस्ताव सभाले पारित गरेको अर्थ निर्देशक गणेश कोइरालाले बताए।

विश्वव्यापी महामारीले ल्याएका चुनौती सामना गर्दै सेवाग्राहीलाई गुणस्तरीय सेवा दिएर रक्त जाँचमा गण्डकी प्रदेशलाई आत्मनिर्भर बनाउन लागेको उनले उल्लेख गरे । 'हामीकहाँ आउने सेवाग्राहीलाई डाक्टर वा सम्बन्धित क्षेत्रका प्राविधिकबाट काउन्सिलिङ दिने योजना छ । पुँजी दोब्बर बनाएर सेवालाई अझ गुणस्तरीय र फराकिलो बनाउँछौं।'

साधारसणसभाले प्रालिको वार्षिक आर्थिक प्रतिवेदन र प्रगति प्रतिवदेन पारित गरेको छ । अब वार्षिक कार्ययोजना अनुसार अघि बढ्ने निर्देशक सन्दीप अर्यालले बताए । स्वास्थ्य मापदण्ड पूरा गरेर विभिन्न ठाउँमा स्वास्थ्य शिविर, सामुदायिक जनचेतना जस्ता सामाजिक उत्तरदायित्वका कार्यलाई पनि अघि बढाइने अर्यालले जानकारी दिए।

सभाले विभिन्न संघ, संस्थासँग व्यवसायिक साझेदारी गर्ने निर्णयसमेत गरेको छ । २०७० सालमा खुलेको युआरएलको प्रधान कार्यालय पोखराको सभागृहचोकमा छ भने पोखराकै हस्पिटलचोकमा हालै शाखा खुलेको छ।

युआरएलले लमजुङ, दमौली, दुलेगौडा, वालिङबाट पनि सेवा दिइरहेको छ। हालसम्म ४ लाखभन्दा बढीलाई सेवा दिइसकेको युआरएलले विभिन्न संघ, संस्थासँग सहकार्य गरी १ सयभन्दा बढी स्वास्थ्य शिविर र सचेतना कार्यक्रम गरिसकेको छ।




## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ
**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**
**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# महाधिवेशनको प्रकृयामा कांग्रेस

साढे पाँच वर्षपछि नेपाली काँग्रेसको १४औं महाधिवेशनको प्रक्रियाअन्तर्गत वडा तहको अधिवेशन प्रारम्भ भएको छ । छ पटक कार्यतालिका फेरेको कांग्रेसले ४१ जिल्लामै भदौ १८ गतेबाट वडामा अधिवेशन शुरु भए पनि अन्य जिल्लामा क्रियाशील सदस्य विवाद हल गर्दैन अधिवेशन गर्नेछ भएको छ । देशका ५६ जिल्लामा पार्टीका क्रियाशील सदस्यताको विवाद टुङ्गो लगाएर काँग्रेसले वडा अधिवेशनको सुरुवात गरेको हो । २१ जिल्लाको क्रियाशील सदस्यता टुङ्गिन बाँकी छ । अधिवेशन भएका वडामा धेरैजसो निर्विरोध भएको छाथोरैमात्र वडामा चुनाव भएको छासदस्यता टुङ्गो लगाउनु अघि देखिएको विवाद वडा अधिवेशनमा भएन । कार्यसमिति र क्षेत्रीय प्रतिनिधिका लागि धेरै क्लस्टर भएको हुँदा चर्को प्रतिस्पर्धा गर्नुपर्ने अवस्था देखिएको छैन । कोरोना( कोभिड-१९) भाइरसको संक्रमण र विभिन्न जिल्लामा बाढी पहिरोलाई चिर्दै वैधानिकता जोगाउन महाधिवेशनमा होमिएको छ । पटक पटक विभिन्न तहको अधिवेशनको कार्यतालिका तोक्ने तर अन्तिम समयमा स्थगित हुने अवस्थाबाट समयमा सीमा घर्कदै गएको थियो ।

यो अवस्थाबाट अगाडि बढेर काँग्रेसले पछिल्लो पटक तयार गरेको निर्धारित कार्यतालिका अनुसार नै वडा तहबाट निर्वाचन प्रक्रिया सुरुवात गरेको छा यसबाट निर्धारित समयमा काँग्रेसको महाधिवेशन हुन्छ भन्ने आधार तयार भएको । काँग्रेसले यस पटक विधानत साङ्गठनिक संरचनालाई व्यापक परिवर्तन गरेको छ । वडामा सभापति, उपसभापति, सचिवलगायत मुख्य पद निर्वाचनकै माध्यमबाट नेतृत्व स्थापित हुने विधान बनाएर काँग्रेसले नेता कार्यकर्तालाई जनस्तरमा भिज्नुपर्ने, रम्नुपर्ने सन्देश दिएको छ । अर्कोतर्फ, पार्टीले समावेशी प्रतिनिधित्वका आधारमा नेतृत्व विकास गर्ने अवसर दिन खोजेको छाअब वडा अधिवेशनबाट चयन भएका क्षेत्रीय प्रतिनिधिबाट काँग्रेसको गाउँ तथा नगरपालिका, प्रदेश, क्षेत्र, जिल्ला तहको नेतृत्व चयन हुनेछ । वडा अधिवेशनकै जगमा पार्टीले प्रदेश स्तरको संरचना पहिलो पटक बनाउँदैछ । मुलुकमा संघीय संरचना अनुरूपको संविधान जारी भएको सात वर्ष भए पनि राजनीतिक पार्टीहरू विधिविधान र निर्वाचन अनुरूप आन्तरिक संरचना तयार गर्न सकेका थिएनन् । काँग्रेसले भने अब संविधानको मर्म र भावनाअनुसारको पार्टीको संरचना बनाउने भएको छ ।

काङ्गेसको क्रियाशील सदस्य यो पटक दोब्बरले विस्तार गरी आठ लाखभन्दा बढी पुगेको छ । त्यसमा पनि युवाको सक्रिय उच्च हुँदै गएको छ । क्रियाशील सदस्य, शुभेच्छुक नेता कार्यकर्ताका लागि पार्टी महाधिवेशन एक खालको राजनीतिक पर्व नै हो । नेता कार्यकर्तामा गाउँगाउँमा पुगेका छन् । यसले नेता कार्यकर्तामा एक खालको उत्साहमा वृद्धि हुनुका साथै मुलुककै राजनीतिमा नयाँ तरङ्ग सिर्जना गरिदिएको छ । पार्टीका केन्द्रीय सदस्यबाहेक केन्द्रीय महाधिवेशनमा आउन सबैले गाउँबाटै नेतृत्व चयन भएर आउनुपर्नेछ । काँग्रेसको अधिवेशनले पार्टीको वडा, नगर, प्रदेश, क्षेत्र, जिल्लामा सबल नेतृत्व मात्रै स्थापित हुने छैन, वडा तहदेखि नै हुने पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धाले लोकतन्त्रलाई सबल बनाउन योगदान दिन सक्नेछ । पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धालाई लोकतन्त्रको सौन्दर्य पक्षका रूपमा लिइन्छ र काँग्रेस अहिले त्यसैको अभ्यासमा छ । काङ्गेसले प्रतिस्पर्धी दल भन्दा राम्रो बन्नु भन्दा अरु दल फुटाउने कलंकको टीका लगाउनु दुखद हो ।

लोकतन्त्र र जनताका अधिकारका लागि लडेका राजनीतिक दलहरू लोकतन्त्रका आधारस्तम्भ नै हुन् । पार्टी जति बढी आन्तरिक लोकतान्त्रिक संरचना र गतिविधिमा सहभागी हुन सक्यो, त्यसले मुलुकको लोकतान्त्रिक अभ्यासलाई थप सुदृढ बनाउने गर्छ । दलहरु बलिया भएको कसैले पनि लोकतन्त्र खोस्न सक्दैन ।लोकतन्त्रमार्फत सङ्घीयता, समावेशी, समानुपातिक सहभागिता तथा युवा प्रतिनिधित्वलाई थप बलियो हुनेछ । महाधिवेशनबाट आन्तरिक लोकतन्त्रलाई संस्थागत गर्दै पार्टीभित्र ताजा अक्सिजनको सञ्चार हुनेछ । यसले पार्टी, लोकतन्त्र र सिङ्गो राष्ट्रको बहुआयामिक भविष्य निर्माणका लागि सकारात्मक परिणाम दिन सक्छ । नेपालका हरेक लोकतान्त्रिक आन्दोलनमा आफ्नो नेतृत्व स्थापित गर्दै आएको काँग्रेसको महाधिवेशनलाई पार्टीको आन्तरिक जीवनमा मात्रै होइन, पार्टी बाहिरको राजनीतिक वृत्तबाट समेत निकै चासो र रुचिका साथ हेरिएको छ । सक्षमहरु बीच प्रतिस्पर्धा गरेर श्रेष्ठता कायम गर्न सकिन्छ । जालभेल, षड्यन्त्र गरेर प्राप्त गरेको सत्ता क्षणिक हुन्छ भन्ने सन्देश नयाँ सदस्यलाई दिन सकेमा महाधिवेशन सार्थकता हुनेछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : ब्यापारमा लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : झमेला बड्ने | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# संचार सहकारीद्वारा महिला सदस्यलाई तीज उपहार

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

पोखराको न्यूरोड स्थित संचार बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्ना शेयर सदस्य महिलालाई तीज उपहार प्रदान गरेको छ । संस्थाका अध्यक्ष विनोद ढुंगानाले सहकारीका महिला शेयर सदस्यलाई तीज विशेष उपहार प्रदान गर्नुभएको हो ।

अध्यक्ष ढुंगानाले परापूर्वकाल देखि मनाउँदै आएको तीज पर्वको आफ्नै धार्मिक, सांस्कृतिक सामाजिक एवं ऐतिहासिक महत्व रहेको जनाउँदै महिला दिदीबहिनीलाई सम्मान स्वरुप संस्थाले उपहार प्रदान गरेको बताउनुभयो । संस्थाले महिला उद्यमी बन्न प्रोत्साहन गर्दै उद्यमी कर्जामा कम ब्याजमा ऋण लगानी र नारी बचतमा बढि ब्याज दिएर महिला शेयर सदस्यलाई प्राथमिकता दिएको उहाँको भनाइ छ । संस्थाका प्रवन्धक रेशम खड्काले तीन वर्ष देखि महिला शेयर सदस्यहरुलाई तीज उपहार प्रदान गर्दै एक अर्कामा शुभकामना आदानप्रदान कार्यक्रम गर्दै आएको जानकारी दिनुभयो । उपहारमा भेलभेटको थैली ब्याग, कपालमा लगाउने डोरी र काँटा प्रदान गरिएको हो । उहाँका अनुसार तीनसय ९७ शेयर सदस्य मध्य संस्थमा १ सय ६६ जना महिला सदस्य रहेका छन् । त्यसैगरी बासलात २४ करोडको हाराहारीमा छ भने १७ करोड निक्षेप संकलन र १९ करोड र लगानी गरेको छ । संस्थाका शेयर सदस्य सजनी श्रेष्ठले हिन्दु नारीहरुको महान् पर्वलाई संस्थाले प्राथमिकता दिएर उपहार प्रदान गर्नु निकै सकारात्मक भएको धारणा राख्नभयो । उहाँले पर्व लक्षित यस्ता कार्यक्रमले सामाजिक सद्भाव र आत्मियता एवं भाइचारा वृद्धि गर्ने बताउनुभयो । अर्का सदस्य शारदा भुजेलले संस्थाले तीजको अवसरमा महिला शेयर सदस्यलाई उपहार प्रदान गरेर शेयर सदस्य महिलाबीचको आत्मियता प्रगाढ गराएको धारणा राख्नुभयो ।

संस्थाका उपाध्यक्ष प्रेम दाहालले तीज लक्षित यस कार्यक्रमले पर्वको महिमालाई उजागार गर्दै सामाजिक सद्भाव र सहिष्णुतालाई जोड दिएको बताउनुभयो । उहाँले तीज महिलाको साझा एवं स्वतन्त्रताको पर्व भएकाले यसका सकारात्मक पक्षहरुलाई ग्रहण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्ने धारणा राख्नुभयो ।

# जन्मदिनको अवशरमा विद्यालयमा अक्षयकोष

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

पोखरा महानगरपालिका वडा नं. २७ मा रहेको श्री लक्ष्मी आर्दश मा.वि. लाई सोहि विद्यालयमा अध्यन गरेका पूर्व विद्यार्थीले आफ्नो जन्मदिनको अवशर पारेर विद्यालयमा अक्षयकोष तथा विशेष सहयोग गरेका छन् ।

साबिक कालिका गा.वि.श.वडा नं.१ तथा हाल पोखरा महानगरपालिका वडा नं. २८ निवासी पूर्व विद्याथी पुष्पराज त्रिपाठीले आफ्नो ३४ औं जन्मदिनको अवशर पारेर विद्यालयमा एक लाख रुपैयाँको अक्षयकोष तथा पन्ध्र हजार रुपैयाँको विशेष सहयोग गरि रु. एक लाख प्रन्ध्र हजार विद्यालयमा आयोजित एक कार्यक्रमका बिच सहयोग गरेका छन् । शिक्षक अभिभावक संघका अध्यक्ष शिवमोहन अधिकारीको अध्यक्ष्यतामाविद्यालयमाआयोजित एक कार्यक्रमका बिच प्रमुख अतिथि वडा नं. २७ का वडा अध्यक्ष पूर्णकुमार गुरुङ्गले होटेलमा गएर गरिने फजुल खर्च बचाएर सामाजिक कार्यमा गरिएको यस किसिमको सहयोगले समाजमा सकरात्मक सन्देश जानेका जोड दिएका थिए ।

विद्यालयका शिक्षक शिक्षीकाहरुको उपस्थितीमा सहयोग गरिएको कार्यक्रममा स्थानिय समाजसेवी पाण्डेले सहयोगिव्यक्तिलाईशुभकामनादिएको कार्यक्रममा वि.व्य.स.का सदस्य सत्यराज ढकाल लगाएतले शुभकामना व्यक्त गरेका थिए । सहयोगदाता त्रिपाठीले हरेक जन्मदिनमा यसरीनै सहयोग गरेको र यस किसिमको सहयोग गर्न पाउदा आफुलाई आत्मा सन्तुष्टि मिल्ने गरेको र आगामि दिनमा पनि यस किसिमको सहयोग गरिरहने कुरा व्यक्त गरेका थिए । विद्यालयका प्रधानध्यापक रविन्द्रनाथ भट्टराईले स्वागत गरेको कार्यक्रमको संचालन विद्यालयका सहायक प्रधानध्यापक हेमराज आचार्यले गरेका थिए ।

# धौलागिरिका चार जिल्लामा तरकारी र खाद्यान्न अभाव

**पोखरापत्र संवाददाता**
**पर्वत, २१ भदौ**

विगत पाँच दिनदेखि मध्यपहाडी लोकमार्ग अवरुद्ध हुँदा धौलागिरिका चार जिल्लामा तरकारी, फलफूल र खाद्यान्न अभाव हुन थालेको छ । यही भदौ १७ गते राति आएको भीषण वर्षाका कारण मध्यपहाडी लोकमार्गको पर्वतखण्डका २० ठाउँमा पहिरो जाँदा धौलागिरिका पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङसँगको सडक सम्पर्क टुटेको छ । सडक खुलाउन आइतबार बिहानदेखिनै प्रयास भइरहे पनि सम्भव हुन सकेको छैन । बुधबारसम्म सडक खुलाउन सकिने प्रहरीले जनाएको छ ।

चार जिल्लालाई पोखरालगायत सङ्घीय राजधानीसँग जोड्ने मुख्य सडक अवरुद्ध भएपछि ताजा तरकारी, खाद्यान्न र फलफूलको अभाव हुन थालेको छ । महिलाहरुको महान पर्व हरितालिका तीज नजिकिँदै गएको बेला तरकारी र फलफूलको माग अन्य समयभन्दा बढी हुने भए पनि आयात गर्न नसक्दा अभाव भएको कुश्माका तरकारी व्यवसायी ज्ञानेन्द्र बाँस्तोलाले जानकारी दिनुभयो । उहाँका अनुसार धौलागिरिभित्र हुने उत्पादनले बजारको माग धान्न नसक्ने र सबै किसिमका तरकारी तथा फलफूलहरु यस क्षेत्रमा उत्पादन नभएकाले पनि पाँच दिनदेखि आयात रोकिँदा समस्या भएको छ । तीजमा तरकारी र फलफूललगायतका खाद्यवस्तुको उपयोग बढी हुने तर यही बेलामा ती वस्तुहरूको अभाव हुँदै जान थालेको कुश्माका अर्का फलफूल तथा तरकारी व्यवसायी रामप्रसाद रखाल बताउनुभयो । उहाँका अनुसार बजारमा अभाव सिर्जना भए पनि मूल्यसमेत महङ्गिएको छ । 'रु २५० मा बेच्ने गरेको स्याउ रु ४०० मा, रु ६० को बन्दा रु१०० मा, रु १५० को काउली रु २०० मा, रु७० को करेला रु १२० मा, रु ६० को टमाटर रु १२० मा बेचिएको छ', उहाँले भन्नुभयो, 'गाउँबाट आउने उत्पादनलाई भाग लगाएर महँगोमा लिनु परेको छ । त्यही पनि स्थानीय उत्पादनले त एक छेउ पनि हुँदैन ।'

पेट्रोलियम पदार्थको पनि अभाव भएको छ । लामो समयका लागि सञ्चित गर्ने व्यवस्था नहुने र बाहिरबाट ल्याउन रोकिँदा भएको सञ्चितीले नधान्ने व्यवसायीहरू बताएका छन् । 'अझै एक/दुई दिन डिजेल मिलाएर वितरण गरे पुग्ला तर पेट्रोल सकियो', गण्डकी धौलागिरि पेट्रोलियम डिलर एसोसिएसनका सदस्य हरिबाबु सापकोटाले भन्नुभयो, 'एकै पटक धेरै राख्दा पेट्रोलियम पदार्थ टिक्दैन, स्टोर नभएका कारण अभाव हुने देखिएको हो ।' बजारमा सामग्री अभाव हुँदै जाँदा महँगी र कालोबजारी बढ्नसक्ने भएकाले प्रशासनले यो बारेमा गोप्य अनुगमन गरिरहेको र कसैले त्यस्तो गरेको पाइएमा तुरुन्तै कारबाही गरिने प्रमुख जिल्ला अधिकारीदेवी पाण्डे खत्रीले बताउनुभयो । 'प्रशासनले कसैलाई ग्राहक बनाएर पसलमा पठाउने र कालोबजारी तथा महङ्गीबारे सूचना लिएर आएपछि प्रशासनले तुरुन्तै एक्सन लिन्छ', उहाँले भन्नुभयो 'हामी एकतर्फी रूपमा भए पनि छिटो बाटो सञ्चालनमा ल्याउनुपर्छ भनेर लागिरहेका छौं ।'

# सात स्थानीय तहमा भौतिक उपस्थितिमा पठनपाठन

**पोखरापत्र संवाददाता**
**दमौली, २१ भदौ**

गत वैशाखदेखि बन्द भएका तनहुँका विद्यालय सञ्चालनमा आएका छन् । दश स्थानीय तहमध्ये सात स्थानीय तहमा भौतिक उपस्थितिमा पठनपाठन सुरुआत गरिएको छ । सहरमा अनलाइन कक्षा प्रभावकारी भए पनि ग्रामीण भेगमा भने अनलाइन कक्षा सञ्चालनमा समस्या भइरहेको थियो ।

जिल्लाका व्यास, भिमाद, शुक्लागण्डकी, भानु नगरपालिका तथा ऋषिङ, घिरिङ र देवघाट गाउँपालिकाले विद्यालय सञ्चालन गराएका छन् । देवघाटले आइतबार मात्र विद्यालय सञ्चालन गराएको हो भने अन्य स्थानीय तहले केही दिन अगाडिबाट विद्यालय खुलाएका थिए । देवघाटका शिक्षा अधिकृत होमनाथ लामिछानेले तोकिएको स्वास्थ्य मापदण्ड पूर्णरुपमा पालन गरी विद्यालयमा पठनपाठन सुरु गरिएको जानकारी दिनुभयो । "जोखिम कायमै रहेकाले सबै मापदण्ड अपनाउन विद्यालयलाई निर्देशन दिएका छौं", उहाँले भन्नुभयो ।

व्यासले गत सातादेखि विद्यालय सञ्चालन गरेको थियो । शिक्षा शाखा प्रमुख नगेन्द्रप्रसाद रेग्मीले सम्भव भएसम्म वैकल्पिक विधिअनुसार अनलाइन कक्षा सञ्चालन गर्न र अनलाइन कक्षा सञ्चालन हुन सम्भव नभएमा १०० भन्दा कम विद्यार्थी भएका विद्यालयमा नियमित २ बजेसम्म प्रत्यक्ष सबै कक्षा सञ्चालन गर्न निर्देशन दिइएको जानकारी दिनुभयो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः वि. स. १९९७/०१/२५ गते

स्वर्गारोहण: वि.स. २०७८/०४/२४ गते

स्वः जुनुदेवी श्रेष्ठ

यस मन्दिर सेवा समितिका आजिवन सदस्य तथा पूर्व सल्लाहकार एवं समाजसेवी जुनुदेवी श्रेष्ठको असामयिक निधन भएको आज ३१ औं दिनको पुण्यतिथिका दिन उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि प्रार्थना गर्दै यस संस्थाको बृहत्तर हितको साथै कालीको आँगन सिगार्ने काममा पुऱ्याउनु भएको अतुलनीय योगदानको सम्झना सहित उच्च सम्मान गर्दै हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यो दुःखद घडीमा उहाँका शोकसन्तप्त परिवारजनमा धैर्यधारणा गर्न सक्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

टिका बहादुर कार्की
अध्यक्ष तथा
श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार
पोखरा-१२/१३

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः वि. स. १९९८/११/१६ गते

स्वर्गारोहण: वि.स. २०७८/०५/११ गते

स्वा. सन्तमाया (हरिमाया) तफ्र्या

यस मन्दिर सेवा समितिका आजिवन सदस्य तथा पूर्व सल्लाहकार एवं समाजसेवी सन्तमाया (हरिमाया) तफ्र्या को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिका दिन उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि प्रार्थना गर्दै यस संस्थाको बृहत्तर हितको साथै कालीको आँगन सिगार्ने काममा पुऱ्याउनु भएको अतुलनीय योगदानको सम्झना सहित उच्च सम्मान गर्दै हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यो दुःखद घडीमा उहाँका शोकसन्तप्त परिवारजनमा धैर्यधारणा गर्न सक्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

टिका बहादुर कार्की
अध्यक्ष तथा
श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार
पोखरा-१२/१३

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. १९९८/११/१६ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०५/११ गते**

## स्वः सन्तमाया (हरिमाया) तझ्या

हाम्रा प्रात स्मरणीय ममतामयी आमा/हजुरआमा एवं प्यारी बहिनी **सन्तमाया (हरिमाया) तझ्या** को ८० वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति सद्भाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारीः**
अमृत प्रसाद तझ्या/ मिरा तझ्या
जिवन कुमार तझ्या/ कमला तझ्या
थमन तझ्या/ रेश्मा तझ्या
विकास तझ्या/ सविना तझ्या
उत्तम तझ्या/ नादिया तझ्या
राजकुमार तझ्या/ सरस्वती तझ्या

**दिदीः**
**कृष्ण कुमारी तझ्या**

**छोरी/ज्वाइँः**
सरिता श्रेष्ठ/ चोप नारायण श्रेष्ठ

**नाति/नातिनी बुहारीः**
उज्जवल तझ्या/ अन्जना तझ्या
नरेश तझ्या / विनिता तझ्या

**नातिनी/ नातिनी ज्वाइँः**
सजना श्रेष्ठ/ विश्व श्रेष्ठ
सान्ड्रा श्रेष्ठ/ सन्तोष श्रेष्ठ
सुनन्दा तझ्या/ डोमिनिक
श्वेता श्रेष्ठ/ स्वपनिल बैद्य

**नाति/ नातिनीहरुः**
अनुराधा तझ्या
सुशान्त तझ्या
साइमन तझ्या
निकिता तझ्या
एलिसा तझ्या
जेसन श्रेष्ठ
अनमोल तझ्या
रोविन तझ्या
युनिक तझ्या
जसुवा तझ्या
जेसिका तझ्या

**पनाति/ पनातिनीहरुः**
आर्यन तझ्या
विजेन श्रेष्ठ
विजेस श्रेष्ठ
आर्यश्री तझ्या
निलव तझ्या
रियान्स श्रेष्ठ
नाइसा तझ्या

**एवम् सम्पूर्ण तझ्या परिवार**

**पूनश्चः मिति २०७८ भदौ २२ गते मंगलबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । स्थानः पोखरा-१३ गौडाकोमुख**